**कोरोना भाइरससम्बन्धि कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख ६ गते**

कोरोना संक्रमणको आशंका गरिएका रुकुम पश्चिम बाँफिकोट गाउँपालिकाका २ जनाको रिपोर्ट नेगेटिभ आएको छ । भारतबाट आएका यी दुईजनाको पीसीआर टेष्टमा पोजिटिभ देखिएपछि स्वाब परीक्षणका लागि काठमाडौं पठाइएकोमा उनीहरु दुवैमा कोराना नेगेटिभ आएको जिल्ला अस्पताल सल्लेका कोरोना भाइरस संक्रमण रोकथामका फोकल पर्सन इश्वर रावलले बताउनु भयो । शंकास्पद भएकोले उनीहरु दुवैजनालाई चौरजहारी अस्पतालको आइशोलेसनमा राखिएको छ । यस्तै मुसिकोट नगरपालिकाले कोरोनाको त्रासले मानसिक समस्या देखिन थालेपछि वैशाख ६ गतेदेखि निःशुल्क परामर्श सेवा दिने व्यवस्था मिलाएको छ ।

बैशाख ४ गते स्वाब परीक्षणको लागि सुर्खेत पठाइएका सिमकोट स्थित तल्लो बजार चर्चमा रहेका ९ जनालाई रिपोर्ट नआउँदै घर पठाइएको छ । तोडफोड गर्ने धम्की दिएपछि उनिहरुलाई घर पठाइएको प्रमुख जिल्ला अधिकारी दत्तराज हमालले बताउनुभयो ।

सुर्खेतको पञ्चपुरी नगरपालिकाले बैतडीको पञ्चेश्वर गाउँपालिकाबाट बैशाख ६ गते ३५ जना नागरिकलाई उद्दार गरेको छ । भारतका विभिन्न ठाउँमा मजदुरी गर्न गएका उनीहरु फर्किने क्रममा पञ्चेश्वर गापाले क्वारेन्टाइनमा राखेको थियो ।

द्रुत परीक्षणका लागि आवश्यक  किटको अभावमा विदेशबाट आएका र शंकास्पदको समेत परीक्षण गर्न नसकिएको स्वास्थ्य सेवा कार्यालय जाजरकोटका निमित्त प्रमुख टीकाराम जैसीले बताउनु भयो ।

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोना संक्रमणको आशंका गरिएका रुकुम पश्चिम बाँफिकोट गाउँपालिकाका २ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

भारतबाट आएका यी दुईजनाको पीसीआर टेष्टमा पोजिटिभ देखिएपछि स्वाब परीक्षणका लागि काठमाडौं पठाइएकोमा उनीहरु दुवैमा कोराना नेगेटिभ आएको जिल्ला अस्पताल सल्लेका कोरोना भाइरस संक्रमण रोकथामका फोकल पर्सन इश्वर रावलले बताउनु भयो । शंकास्पद भएकोले उनीहरु दुवैजनालाई चौरजहारी अस्पतालको आइशोलेसनमा राखिएको छ ।

त्यसैगरी रुकुम पश्चिका ६ वटै स्थानीय तहले सरसफाई र जनचेतनाका कार्यक्रमलाई अगाडी बढाइरहेका छन् । मुसिकोट नगरपालिकाले कोरोनाको त्रासले मानसिक समस्या देखिन थालेपछि वैशाख ६ गतेदेखि निःशुल्क परामर्श सेवा दिने व्यवस्था मिलाएको छ । नागरिकको स्वास्थ्य विग्रिन नदिन नेपाल नगरपालिका संघले दक्ष चिकित्सक तथा मनोरोग विशेषज्ञ टोली मार्फत निःशुल्क परामर्श सेवा दिन सुरु गरेको मुसिकोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नरविर खड्काले जानकारी दिनुभयो ।

त्यस्तै सानीभेरी गाउँपालिका-९ मा १९ जना र १० मा ९ जना गरी भारत तथा तेस्रो मुलुकबाट आएका २८ जनाको द्रुत परिक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको सानिभेरी गाउँपालिकाका स्वास्थ्य संयोजक छबीलाल वलीले बताउनुभयो । उहाँका अनुसार वडा नम्बर ९ बाट एक जनाको स्वाब संकलन गरेर परीक्षणका लागि सुर्खेत पठाइएको छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** ‘आरडिटी’ किट अभावमा सल्यानमा कोरोना भाइरसको द्रुत परीक्षण स्थगित गरिएको छ । जिल्लाका ६ वटा स्थानीय तहमा परीक्षण गर्दा

प्राप्त किट सकिएपछि शारदा, बागचौर र वनगाड कुपिण्डे नगरपालिका र कालिमाटी गाउँपालिकामा परीक्षण कार्य स्थगित गरिएको स्वास्थ्य सेवा कार्यालय सल्यानका प्रमुख डा.अर्जुन कुमार बुढाले जानकारी दिनुभयो ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** जिल्ला स्तरीय मानव अधिकार अनुगमन समिति दैलेखको सदस्यमा इन्सेक जिल्ला प्रतिनिधि अमर सुनार मनोनीत हुनुभएको छ । समितिको वैशाख ६ गते बसेको पहिलो बैठकले इन्सेक जिल्ला प्रनितिधिलाई मनोनीत गरिएको हो ।
यस्तै स्वास्थ्य सेवा कार्यालय दैलेखको टोलीले भगवतीमाई गाउँपालिकाको बेस्तडामा बैशाख ६ गते गरेको ५६ जनाको आरडीटी रिपोर्ट नेगेटिभ आएको छ । गाउँपालिकाका अध्यक्ष दानबहादुर थापाका अनुसार चीनबाट आएका १, कतारका १, मलेसियाबाट ४ र भारतबाट आएका ५० जनाको परीक्षण गरिएको हो ।
भगवतीमाई गाउँपालिकामा यसअघि ८ जनाको आरडीटी गरिएकोमा उनीहरुको पनि रिपोर्ट नेभेटिभ आएको थियो । कसैलाई कोरोना नभएको पुष्टी भएपछि क्वारेण्टाइनमा राखिएका सबैलाई घर पठाइएको अध्यक्ष थापाले बताउनुभयो ।

**इन्सेक जाजरकोट प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** द्रुत परीक्षणका लागि आवश्यक  किटको अभावमा विदेशबाट आएका र शंकास्पदको समेत परीक्षण गर्न नसकिएको स्वास्थ्य सेवा कार्यालय जाजरकोटका निमित्त प्रमुख टीकाराम जैसीले बताउनु भयो ।
लकडाउनको अवधी र त्यस भन्दा केही समय अघि भारत र अन्य देश बाट करीब पाँच सय र देशका विभिन्न जिल्लाबाट करीब पाँचहजार मानिस जिल्ला भित्रिएको जाजरकोटका लागि प्रदेश सरकारले तीन सय किट मात्र पठाएको थियो । हालसम्म जाजरकोटमा गरिएको परीक्षणबाट दुई सय ६७ जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालय जाजरकोटले जनाएको छ ।
यस्तै कोरोना परीक्षणका लागि शिवालय गाँउपालिकामा पुगेका १७ जना किट अभावमा परीक्षण बिनै फर्कन बाध्य भएका छन् ।
विदेशबाट आएका ४१ जना परीक्षणका लागि बैशाख ६ गते उपस्थित भए पनि किट २४ वटा मात्र भएकाले अन्य १७ जनालाई परीक्षण बिनै फर्काउनु परेको शिवालय गाँउपालिकाका स्वास्थ्य शाखा प्रमुख कृष्ण बुढाले बताउनु भयो । एक महिनाको अवधीमा आएका उनीहरु सबै होम क्वारेन्टाइनमा बस्दै आएका थिए ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** बैशाख ४ गते स्वाब परीक्षणको लागि सुर्खेत पठाइएका सिमकोट स्थित तल्लो बजार चर्चमा रहेका ९ जनालाई रिपोर्ट नआउँदै घर पठाइएको छ । सम्बन्धित गाउँपालिका जनप्रतिनिधि र प्रमुख जिल्ला अधिकारीले घर पठाउन भनेपछि रिपोर्ट नआउँदै घर पठाएको क्वारेन्टाइन स्थलमा खटिएका डाक्टर नविन रोकायाले बताउनुभयो । चर्चमा रहेका व्यक्तिहरुले आफूहरुलाई घर नपठाए तोडफोड गर्ने धम्की दिएपछि उनिहरुलाई घर पठाइएको प्रमुख जिल्ला अधिकारी दत्तराज हमालले बताउनुभयो ।
यसैगरी रानीवन क्वारेन्टाइनमा खानाको सुविधा व्यवस्थित नभएको भन्दै क्वारेन्टाइनमा रहेका तीन जनाले गुनासो गरेका छन । यस्तै बैशाख ५ गते खार्पुनाथ गाउँपालिकामा कोरोना भाइरस न्युनिकरणका लागि नेपाल कम्युनिष्ट पार्टीको वडास्तरीय संयोजन समिती गठन गरिएको छ ।

यसैबीच नेपाल खाद्य व्यबस्था तथा ब्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानमा पैदल मार्गबाट हुम्लाका दुई वटा डिपोका लागि आएको खाद्यान्न मुगुको छायाँनाथ नगरपालिका-१४ का वडा अध्यक्षको कारण रोकिएको छ ।
वैशाख ४ गतेदेखि खाद्यान्न लोड भएका तीन वटा ट्रक वडा अध्यक्ष नन्दबहादुर बढुवालको निर्देशनमा छायाँनाथ नगरपालिका-१४ को बाम गाउँमा रोकिएको खाद्यान्न ढुवानीको जिम्मा पाएको सप्लार्यका प्रतिनिधि बीरबहादुर बुढाले बताउनु भयो । कोरोनाको सन्त्रासले १४ नम्बर वडाबाट बाहिर जान र बाहिरका मान्छेलाई वडा भित्रिन रोक लगाइएका कारण ति गाडीपनि रोकिएको अध्यक्ष बढुवालको भनाई छ ।
ताजाँकोट गाउँपालिकामा खाद्यान्न संकट भएको छ । चालू आर्थिक वर्षको स्वीकृत ८ सय क्विन्टल कोटा मध्ये १ सय ८५ क्विन्टल चामल मात्रै आएको ताजाँकोट गाउँपालिका अध्यक्ष बाग्दल मल्लले जानकारी दिनुभयो ।
अध्यक्ष मल्लका अनुसार चामल ढुवानी गर्ने जिम्मा पाएको एलबी सप्लायर्स अदानचुली गाउँपालिका-२ का लोकेन्द्र भण्डारीले ढुवानी नगरेपछि समस्या भएको छ । सडक भत्किएका कारण बाजुराको हिमाली गाउँपालिकाको बादुमा चामल रोकिएको सप्लायर्सका प्रतिनिधि भण्डारीको भनाई छ ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** वैशाख ६ गतेसम्म जिल्लाका ९ स्थानीय तहमा भारत लगायत विभिन्न देश र नेपालकै विभिन्न जिल्लाबाट आएका २ सय ६ जनाको द्रुत परीक्षण गरिएको छ । सबैको रिर्पोट नेगेटिभ देखिएको कालिकोटका स्वास्थ्य प्रमुख डाक्टर भिष्म पोखरेलले बताउनु भयो ।
यस्तै मुगुमा पोजेटिभ देखिएका व्यक्ति कालिकोटको होटेलमा बसेर गएको भन्दै जिल्लामा त्रास फैलिएको छ । ति व्यक्ति कर्णाली राजमार्गमा पर्ने कुन होटेलमा बसेको भन्ने पत्ता लगाउने काम भइरहेकोले स्थानीयलाई नआत्तिन प्रमुख जिल्ला अधिकारी कृष्णचन्द पौडेलले अनुरोध गर्नु भएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** जुम्लाको प्रवेशद्धार नाग्म हेल्थ डेस्कमा खटिएका स्वास्थ्यकर्मीले आफूहरु सुरक्षा चुनौतिमा रहेको बताएका छन् ।
आवतजावत गर्ने स्थानीयले कोरोना भाइरसका बारेमा नबुझ्दा ज्वरो नाप्न पनि नमान्ने, के नाटक गरेको भन्दै उल्टै आक्रमण गर्न आउने भएकोले आफूहरु असुरक्षित महशुस गरेको त्यहाँ कार्यरत स्वास्थ्यकर्मी मोतिलाल नेपालीले बताउनुभयो ।
त्यसैगरी तीन जना थुनुवा, चार जना प्रहरी, पाँच जना स्वास्थ्यकर्मी, कनकासुन्दरी गाउँपालिकाको पाण्डबगुफामा १४ जना, गुठीचौर गाउँपालिकामा १८ जनाको द्रुत परीक्षण गर्दा सबैको रिपोट नेगेटिभ आएको जनस्वास्थ्य कार्यालय प्रमुख कृष्ण प्रसाद सापकोटाले बताउनु भयो ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** डोल्पाका स्थानीय तहले जिल्ला बाहिर रहेका तर लकडाउनले विपतमा परेका नागरिकको तथ्यांक संकलन शुरु गरेका छन ।
लकडाउनका कारण काठमाडौं नेपालगन्ज र सुर्खेतमा अलपत्र परेका विद्यार्थी, बिरामी र सर्वसाधारणहरुलाई राहत वितरणका साथै उद्दार गरेर जिल्लामा ल्याउनको लागि तथ्यांक संकलन कार्य शुरु गरेको ठुलीभेरी नगरपालिका-९ का अध्यक्ष बिरमल भण्डारीले बताउनुभयो ।
उहाँका अनुसार नगरमा रहेका आर्थिक विपन्न, दलित र अशक्त नागरिक तथा ज्याला मजदुरी गरिरहेकालाई राहत वितरण कार्य शुरु गरिएको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** द्रुत परिक्षणमा कोरोना भाइरस पोजेटिभ देखिएका व्यक्तिको स्वाब सुर्खेत पुऱ्याउन कठिनाई भएको छ ।
जुम्लाको गोठिज्युला देखि मुगुको खत्याड गाउँपालिका सम्मको बाटो पानी परेर हिलाम्य भएको कारण गाडी चल्न नसकेपछि स्वाब पठाउन नसकिएको खत्याड गाउँपालिकाका अध्यक्ष उब्जन बहादुर शाहीले बताउनुभयो ।
भारतको गोरखपुरबाट चैत १ गते आएका खत्याड गापा निवासी उक्त व्यक्तिमा बैशाख ४ गतेको परीक्षणमा भाइरस पोजेटिभ देखिएपछि पुनः ५ गते जाँच गर्दा पनि पोजेटिभ रिपोर्ट आएको थियो । ति व्यक्तिलाई हाल गाउँपालिकाको आइशोसेलनमा राखिएको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** सुर्खेतको पञ्चपुरी नगरपालिकाले बैतडीको पञ्चेश्वर गाउँपालिकाबाट ३५ जना नागरिकलाई उद्दार गरेको छ । भारतका विभिन्न ठाउँमा मजदुरी गर्न गएका उनीहरु फर्किने क्रममा पञ्चेश्वर गापाले क्वारेन्टाइनमा राखेको थियो ।
क्वारेन्टाइन अवधि पुरा गरेर कुनै समस्या नदेखिएपछि बैशाख ६ गते उद्दार गरी घर घर पठाइएको नगरप्रमुख उपेन्द्र थापाले जानकारी दिनुभयो । यसैगरी पञ्चपुरी नपाले आफ्नो क्वारेन्टाइनमा बसेका जाजरकोटका ९ जना र सुर्खेतकै चौकुने गाउँपालिकाका १ जनालाई आफ्नै लगानीमा सम्बन्धितको घरसम्म पुऱ्याएको छ ।
यस्तै नेपालका विभिन्न ठाउँबाट पैदल यात्रा गरी आएका १ सय ४२ जनालाई कर्णाली प्रदेशको प्रवेशद्वार भेरीगंगा नगरपालिका-५ बबईबाट उद्दार गरिएको छ । तीन चार दिन देखि रोकिएका कर्णाली प्रदेशका विभिन्न जिल्लाका नागरिकहरु मध्ये बैशाख ४ गते ३० जनालाई र ५ गते १ सय १२ जनालाई उद्दार गरिएको कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री दल रावलले जानकारी दिनुभयो ।
यसैबीच सुर्खेतका युवा श्याम कुमार विष्ट (साइन्स फिजिक्स), राजेन्द्र विष्ट (वायो केमिस्ट) ले सोलार जडित अत्याधुनिक वाक थ्रो सेनिटाइजर निर्माण गरेका छन् ।
सुर्खेत साइस एण्ड सर्जिकल र सुर्खेत वायु केमिकल एण्ड आइजिन इण्डस्ट्रिका सञ्चालक रहेका दुई भाइले नयाँ प्रविधिको निर्माण गरी कोरोना भाइरसको नियन्त्रणका लागि प्रयोग गर्न सकिने भन्दै वीरेन्द्रनगर नगरपालिकालाई हस्तान्तरण गरेका छन् ।
उक्त गेटले सोलारको सहायताबाट मोटरपम्प प्रयोग गरेर नोजलबाट केमिकल स्प्रे गराई कुनै पनि व्यक्तिलाई संक्रमण भाइरस रहित गराउन सकिने निर्माणकर्ता श्याम कुमार विष्टले जानकारी दिनुभयो । जनघनत्व बढी भएको। आवत जावत गर्ने कार्यालय वा घरमा समेत प्रयोग गर्न सकिने उहाँको भनाई छ ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**